

# ‘आर्थिक सशक्तिकरणले मात्रै महिला सशक्तिकरण हुन्छ’ –डा. मीना आचार्य



● लक्ष्मी बस्नेत

झण्डै ५० वर्षदेखि नेपालको विकास, अर्थतन्त्र, लैङ्गिक सम्बन्ध, श्रम बजार र महिलाको श्रमको मूल्य, राजनीति, गरिबी र योजना जस्ता विषयमा अनुसन्धानरत आचार्य नेपालको थोरै अर्थशास्त्री मध्यमा पर्नुहुन्छ । उहाँका दर्जनभन्दा बढी पुस्तक तथा दर्जनौं प्राज्ञिक लेख तथा अनुसन्धान प्रतिवेदनहरू प्रकाशित छन् । वि.सं. १९९५ मा जन्मनुभएकी उहाँले राष्ट्र बैंकको पहिलो महिला अनुसन्धान अधिकृतदेखि जागिरे जीवनसँगै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायमा समेत सल्लाहकार, परामर्शदाता भएर काम गरिसक्नु भएको छ । संयुक्त राज्य अमेरिकाको युनिभर्सिटी अफ विस्कन्सिन मेडिसिनबाट विकास अध्ययनमा विद्यावारिधि (सन् १९८७) गर्नुभएकी आचार्य वि.स.२०७३/०७४ मा राष्ट्रपति कार्यालयमा महिला सशक्तिकरण तथा आर्थिक विकास सम्बन्धी सल्लाहकार हुनुभयो । हाल नेपाल सरकारले गठन गरेको नीति अनुसन्धान प्रतिष्ठानको सदस्य हुनुहुन्छ ।

## बाल्यकाल र शिक्षा

नेपालका थोरै महिला अर्थशास्त्री मध्ये एक हुनुहुन्छ डा. मीना आचार्य । उहाँको जन्म वि.सं.१९९५ को वैशाखमा काठमाण्डौको सिफलमा भएको हो । तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्य र महिला आन्दोलनकी अगुवा रेवन्तकुमारी आचार्यकी छोरी हुनुहुन्छ, डा. मीना । प्रधानमन्त्रीको परिवारमा जन्मिए पनि उहाँको बाल्यकाल सहज र सुखमा बितेन, अभाव र डर सँधै भइरह्यो । राणाकालीन नेपालमा राणा विरोधी राजनीतिज्ञहरूलाई चरम यातना दिनुका साथै परिवार र इष्टमित्रलाई समेत दुःख दिने गरेको मीना सम्झनुहुन्छ । परिणाम स्वरूप जेल जीवन बिताउनेका छोराछोरीलाई समेत समाजले सकारात्मक व्यवहार गर्दैनथ्यो । त्यस स्थितिको मानसिक पीडा पनि ताजै छ उहाँसँग । आफ्नो बुबा जेल परेपछि समाजले तिरस्कार गरेको सम्झँदै भन्नुहुन्छ 'आर्थिक र सामाजिक रूपले नै पीडित हुँदै गयौं । खाने/लगाउने आर्थिक अवस्था पनि थिएन ।' उहाँले भन्नुभयो 'जेल परेकाहरूको सन्तान भनेर कसैले कोठा भाडामा नदिएका कारण बत्तिसपुतलीको राममन्दिरको पाटीमा पनि बस्नु परेको थियो । 'छोराछोरीको खाने भाँडासमेत नछोड्नु' भन्ने आदेशसहित सम्पत्ति सबै लिलाम भएपछि काठमाडौं बस्दै आएको परिवार छुट्टिन बाध्य भयो । बहिनी शान्तिलाई लिएर आमा काठमाडौं माइतमै बस्नुभयो भने मीनालाई तारापटी सिरसिया, धनुषामा हजुरबुबासँग पुऱ्याइयो । उहाँ वि.स.२००४ सालसम्म हजुरबुबाकै रेखदेखमा हुर्किनु भयो ।

राजनीतिज्ञहरू आर्थिकरूपमा कमजोर हुने रहेछन् भन्ने छाप मीनालाई सानैदेखि परेको थियो । पढ्ने बेला पनि त्यसले असर गर्‍यो र कहिल्यै नयाँ किताब पढ्न नपाएको अनुभूति छ । बुबा र आमा दुवैमा उत्तिकै राजनीतिक चेतना भएकाले उहाँहरूले पढ्न पाउनुभयो । वि.सं.२००४ सालमा गौशालामा रहेको गान्धीवादी आधार (हाल मित्रपार्क) स्कुलबाट औपचारिकरूपमा शिक्षा शुरु गर्नुभयो । छोरीहरूलाई सकेसम्म पढाउनै पर्छ भन्ने आमाको सोच थियो । विविध समस्याका बाबजुद पनि पढाइ निरन्तर अघि बढ्दै जाँदा पद्मकन्या विद्यालयबाट म्याट्रिक, पद्मकन्या क्याम्पसबाट प्रमाणपत्र तह (आइए) सम्मको अध्ययन पुरा भयो । अझ राम्रोसँग पढ्ने इच्छा भएकी मीनालाई स्नातक तह भारतमा पढ्ने गरी तत्कालीन बडामहारानी रत्नराज्यलक्ष्मी शाहबाट सहयोग प्राप्त भयो र भारतको युनिभर्सिटी अफ दिल्लीबाट वि.सं. २०१७ सालमा स्नातक उत्तीर्ण सोभियत संघको मस्को स्टेट युनिभर्सिटीबाट आर्थिक साइबरनेटिक्समा विशिष्ट श्रेणीमा स्नातकोत्तर तह उत्तिर्ण हुनुभयो । वि.सं. २०२३ मा नेपाल फर्केर राष्ट्र बैंकमा अनुसन्धान अधिकृतका रूपमा प्रवेश गरी १५ वर्ष काम गरेपछि, विश्व बैंकमा दुई वर्ष काम गर्नुभयो । त्यसपछि उहाँले संयुक्त राज्य अमेरिकाको युनिभर्सिटी अफ विस्कन्सिन मेडिसिनबाट 'आर्थिक विकास अध्ययन' विषयमा वि.सं. २०४४ सालमा विद्यावारिधि गर्नुभयो ।

बुबाको राजनीति र जेल जीवनका बाबजुद पनि दुःखकष्ट गर्दै सानैदेखि पढाएर विद्यावारिधिसम्म गर्न सफल भएकोमा मीना आमाप्रति औधी खुशी हुनुहुन्छ । किनकी बुबा बुझेकै भए पनि महिला स्वतन्त्रताका बारेमा आमा जत्तिको जागरुक नभउको उहाँको ठम्याइ छ । स्नातक गरिसकेपछि रुस पढ्न जाने कुरा हुँदै गर्दा बुबाले भने मीनाको विवाहको तयारी गर्नुभएछ तर आमाले नै विवाह रोकेर आफ्नो पढाइ अगाडि बढेको उहाँ बिर्सिनुहुन्न । विदेश पढ्न ६ वर्ष लाग्ने हुनाले लामो समयका लागि नपठाउने विचारमा बुबा हुनुहुन्थ्यो । यो कुराले छोरीको स्वतन्त्रताप्रति बुबाको धारणा बुझ्न सजिलो भएको उहाँ सुनाउनुहुन्छ । यसरी एउटी आमा शिक्षित भइन् वा आमाले चाहिन् भने परिवार नै शिक्षित बनाउन सक्छिन् भन्ने एउटा उदाहरण आफ्नो आमा र आफू हो भन्नुहुन्छ ।

## राजनीति बुझेर महिला अधिकारका क्षेत्रमा संलग्न

डा. मीनाले सानैदेखि देशको राजनीतिक, सामाजिक परिवेशका साथै आर्थिक अवस्था पनि बुझ्न पाउनुभयो त्यसैले उहाँ समाजमा भएको विभेदलाई

नियालेर महिला अधिकारका क्षेत्रमा प्रवेश गर्नुभयो । यसमा आमालाई प्रेरणाको स्रोत मान्नुहुन्छ । किनकी समाजमा भएको जातीय, लैङ्गिक विभेदलाई आमाले त्यसबेलामै बुझेर संगठन समेत खोल्नुभएको थियो । वि.सं.२००४ सालमा उहाँकी आमा रेवन्त कुमारीले सिर्सियामा बस्दा जयनगरमा भएको नेपाली कांग्रेस कार्यालयको सम्पर्कमा अनेकौं काम गरिरहँदा नै हेमलता प्रधानलगायतको संलग्नतामा जनकपुरमा आदर्श महिला संगठन खोल्नु भएको मीनाले जानकारी दिनुभयो । त्यही **आदर्श महिला संगठन वि.सं. २००४** नेपालको पहिलो राजनीतिक महिला संगठन र **रेवन्त कुमारी पहिलो महिला संगठनकर्ता** भएको मीनाले बताउनुभयो । **'आजको जनविचार', राष्ट्रिय मासिकले वि.सं.२०६३ सालको अंक २ मा** नेपालमा पहिलो महिला संगठनकर्ता 'रेवन्तकुमारी आचार्य' लेखेको छ । त्यही वर्ष रेवन्तकुमारीको समेत संलग्नतामा मंगलादेवी सिंह अध्यक्ष रहेको नेपाल महिला संघ काठमाडौंमा पनि खोलिएको थियो । यसरी हेर्दा आफ्नी आमा समाज सुधारवादी, शिक्षाप्रति समर्पित र महिला अधिकार पक्षधर भएकाले आफू पनि त्यही बाटोमा लाग्न प्रेरणा मिलेको मीनाको ठम्याइ छ ।

डा. मीनाले अध्ययन गर्न रुस गएको बेला रसिएन पुरुषसँगै उहाँको विवाह भयो । त्यस समयसम्म विदेशीसँग विवाह गरेमा नेपाली महिलाको नागरिकता स्वतः खारेज हुने प्रावधान थियो । तर उहाँ भने आफूले विदेशीसँग विवाह गरेपछि आफ्नो नागरिकता खारेज हुन नहुने, आफूले आचार्य थर नै कायम राख्ने र आफू नेपाल फर्किएर नेपालीको सेवा गर्ने कुरा लिएर मस्कोस्थित नेपाली राजदूतावासमा निवेदन दिनुभयो । सो निवेदन वि.सं. २०२० सालमा तत्कालीन राजा महेन्द्र वीरविक्रम शाहसम्म आइपुग्यो र राजा महेन्द्रको आदेश अनुसार उहाँको नेपाली नागरिकता खारेज भएन । बरु वि.सं. २०२२ सालमा नागरिकता ऐनमा नेपाली महिलाले विदेशी पुरुषसँग विवाह गरे पनि नेपाली नागरिकता परित्याग नगरेसम्म स्वतः खारेज नहुने व्यवस्था कायम भयो । जुन उहाँको व्यक्तिगत लडाईबाट महिलाहरूले पाएको उपलब्धि ठान्नुहुन्छ । पछि पढाइ सकिएपछि परिवारसहित उहाँ नेपाल नै फर्कनुभयो । त्यतिबेला श्रीमान् पनि नेपाल आए तर १४ वर्षसँगै बसेपछि भने दुवैको आ-आफ्नै देशमा बस्ने इच्छाका कारण उहाँहरूले सम्बन्ध विच्छेद गर्नुभयो । त्यसपछि आफू छोरीसँग नेपालमै बसेको र श्रीमान् रुस गएको आचार्य बताउनुहुन्छ ।

## राष्ट्र बैंकको जागिर र काठमाडौं बाहिर जान संघर्ष

वि.सं. २०२३ सालमा राष्ट्र बैंकमा द्वितीय श्रेणीको अधिकृतबाट जागिर शुरु गर्नुभयो । उहाँ बैंकिङ क्षेत्रमै पहिलो महिला अधिकृत पनि हुनुहुन्छ । *(डा. आचार्यद्वारा नै लिखित 'मेरो अनुसन्धान अनुभव' अनुभव र अनुभूति स्तम्भ, अस्मिता, असोज कात्तिक २०७१, पेज १८)* । तर उहाँलाई टंकप्रसाद आचार्यको छोरी भएका कारण नियुक्ति पाएको भन्नेहरू पनि थिए, आफ्नै क्षमताबाट छनौट हुँदाहुँदै पनि ती आरोपलाई 'होइन' भनेर प्रमाणित गर्न चुनौति थपियो । फलस्वरूप अझ मेहनत गर्दै जानुभयो र खुल्ला प्रतिस्पर्धाबाट राष्ट्र बैंकको अनुसन्धान विभाग र विकास-वित्त विभागको प्रमुख हुनुभयो । टंकप्रसादको छोरी भएकै कारण जागिर खाएको भन्नेहरूको मुख त्यो परिणामले बन्द गरेको उहाँको अनुभूति छ ।

उहाँ प्रमुख रहेको यो विभाग निकै महत्वपूर्ण मानिन्थ्यो । यस विभागले अर्थ मन्त्रालय र राष्ट्र बैंकको मौद्रिक नीतिका लागि बजेटपूर्वको परामर्श प्रतिवेदन तयार पार्नुपर्थ्यो । जुन महत्वपूर्ण काम गर्न अवसर त प्राप्त भयो तर उहाँको स्मरणमा त्यतिबेला अर्थ मन्त्रालयमा अनुसन्धान गर्ने क्षमता र जनशक्ति थिएन, आर्थिक सर्वेक्षण गर्ने र त्यसको लिखत तयार पार्ने काम नेपाल राष्ट्र बैंकले नै शुरु गर्नुपर्‍यो । त्यति बेलासम्म केन्द्रीय तथ्यांक विभागले पनि कुल राष्ट्रिय उत्पादन अथवा आम्दानी, लगानी आदिका अनुमानहरू बजेटपूर्व प्रकाशन गर्दैनथ्यो । यो अवस्थामा बजेटको काम कसरी अगाडि बढाउने भनेर उनलाई सोच्न बाध्य बनायो । त्यसपछि तराईका केही सहरहरूलाई केन्द्र बनाएर आर्थिक सर्वेक्षण गर्ने उपाय उहाँले निकाल्नुभयो । तर त्यसबेला पूर्व-पश्चिम राजमार्ग बनिसकेको थिएन भने राष्ट्र बैंकका सम्बन्धित अधिकारीहरूले पनि आफ्ना कर्मचारी कहिल्यै काठमाडौं बाहिर नपठाएको भनेर उहाँलाई पठाउन मानेनन् । उहाँ सर्वेक्षणको लागि जिल्ला जाने कुरा 'समाचार' जस्तै बनेको याद अझै छ, उहाँसँग । घरबाट बुबाले पनि छोरी मान्छे एक्लै कसरी जाने भनेर असहमति जनाउनुभयो । यद्यपि आगामी दिनमा अझ माथि जानका लागि भनेर बुबालाई फकाउँदै सँगै जाने महिला कर्मचारी पनि छन् भनेर ढाँट्नुभयो । अफिसमा भने अडान नत्यागेपछि जान दिने कुरा त भयो तर उहाँसँग कोही पनि पुरुष सहकर्मीहरू नजाने भएछन् । धेरै अनुरोध गरेपछि एकजना जुनियर अधिकृत तयार भएको अझै बिर्सनु भएको छैन उहाँले । किनकी त्यो भनेको ठूलो युद्ध जिते जस्तै

लागेको थियो । अनुसन्धानमा एकदमै रुचि लाग्ने उहाँलाई जिल्ला जान आफ्नै कार्यालयसँगै गर्नुपरेको संघर्षले त्यो बेला महिला कर्मचारीलाई हेर्ने दृष्टिकोण अहिले थाहा पाउन सकिन्छ । यद्यपि मीनाले २४ वर्ष राष्ट्र बैंकको सेवा गर्दै उच्च पदसम्म पुग्नुभयो । वि.सं. २०४६/४७ सालमा उहाँ 'डेपुटी गभर्नर' को दाबेदार हुनुहुन्थ्यो तर राजनीतिक आधारमा अर्कै व्यक्तिलाई सो पदमा ल्याइएपछि उहाँले जागिरबाटै राजिनामा दिनुभयो । 'डेपुटी गभर्नर' पदको दाबेदारसम्म पुग्ने बैंकिङ्ग क्षेत्रकै पहिलो महिला आफू भएको मीना बताउनुहुन्छ ।

## योगदान

नेपालको महिला आन्दोलनलाई हेर्ने हो भने आफूलगायतका अधिकारकर्मीहरूलाई दोश्रो पुस्ताका अधिकारकर्मी मान्नुहुन्छ, उहाँ । 'मेरो आमालगायत मंगलादेवी सिंह, सहाना प्रधान, साधना अधिकारी, पुण्यप्रभा देवी ढुंगाना, स्नेहलता श्रेष्ठ, कामाक्षादेवी आदि महिला आन्दोलनको शुरुवात गर्ने अधिकारकर्मी हुन् । त्यस्तै शान्ता श्रेष्ठ, तुला राणा, कमल राणा आदि पनि महिला अधिकारको आन्दोलनमा सक्रिय रहनुभयो , हामी त्यसपछिका हौं' । उहाँका अनुसार आफूसहित चाँदनी जोशी, बीना प्रधान, इन्दिरा श्रेष्ठ आदि दोस्रो पुस्ताका अनुसन्धानकर्ता तथा अधिकारकर्मीहरू हुन् ।

नेपालमा महिला आन्दोलन तीन धारमा अघि बढेको उहाँको भनाइ छ । पुण्यप्रभा देवी, कमल राणा, तुला राणालगायत केहीले पञ्चायतको पक्षमा राजनीति गरे पनि त्यही राजनीति भित्र महिला अधिकारका कुरा उठाए, जसलाई पनि महिला आन्दोलनले बिर्सन नहुने उहाँको धारणा छ । शान्ता थपलिया आदिले कानूनी अधिकारका कुरा अघि बढाएका थिए । आफूलगायतले महिलाको आर्थिक तथा अन्य अधिकार कसरी स्थापित गराउने, सम्पत्तिमा समान अधिकार, आर्थिक क्षेत्रमा महिलाको संलग्नता कसरी गराउन सकिन्छ तथा विकासका प्रत्येक क्षेत्रमा महिलाहरू समेटिनुपर्ने कुरा उठाउँदै आएको उहाँ बताउनुहुन्छ । मीनाले, लिन बेनेट, बीना प्रधान, इन्दिरा श्रेष्ठ तथा अन्य विदेशी अनुसन्धानरत महिलाहरूसँगको सहकार्यमा **"नेपालमा महिलाको मर्यादा स्तर"** भन्ने नेपाली महिला बारेको विस्तृत र पहिलो अध्ययन प्रतिवेदन प्रकाशित भयो । वि.सं. २०३८ सालमा प्रकाशन भएको सोही अध्ययनको आधारमा नेपालका योजनाहरूमा महिलाको पक्षमा पनि बन्न थालेको तथा महिलाका लागि विशेष कार्यक्रमहरू आउन थालेको उहाँको निष्कर्ष छ ।

उहाँकै पहलमा राष्ट्र बैंक र सरकारको सहकार्यमा 'महिलाका लागि पेवा कार्यक्रम' अन्तर्गत ग्रामीण क्षेत्रका महिलाहरूलाई ऋण दिन शुरु गरियो । साना किसान कार्यक्रममा महिला किसानलाई आधुनिक कृषितर्फ लग्ने गरी तालिम तथा ऋण दिन शुरु भयो । गैरसरकारी संस्थाहरूले पनि यस्तै विकासमुखी तालिम तथा कार्यक्रम गर्न थाले । नेपालमा लैङ्गिक उत्तरदायी बजेट र घरायसी कामको मापनतर्फ अहिले देखिएको प्रगतिमा उहाँको ठूलो भूमिका छ ।

## वर्तमान महिला आन्दोलनबारे विश्लेषण

डा. मीना भन्नुहुन्छ महिलाका धेरै अधिकार नीतिगतरूपमा स्थापित भइसकेको छ । कार्यान्वयनको लागि अझै आन्दोलन जारी राख्नुपर्ने उहाँको सुझाव छ । नागरिकताको अधिकारमा महिलालाई अझै समान नगरिएको व्यवस्थाप्रति उहाँलाई चित्त बुझेको छैन । समग्रमा भन्नुपर्दा महिलाका मुद्दा अब महिलामा मात्र सिमित नभएर राजनीतिक र साझा मुद्दा हुनु ठूलो सफलता हो । तर महिलालाई हेर्ने सामाजिक दृष्टिकोण र उनीहरूको भूमिकामा अझ हुनुपर्ने जति परिवर्तन आइसकेको छैन । जागिर खान दुवै जना हिंड्छन् तर बच्चा हुर्काउन आमा र बुबाले दिने समय उस्तै भइसकेको छैन, त्यो हुनुपर्छ । एउटा बच्चा भविष्यमा राज्यको नागरिक बन्ने हो तर राज्यले आमाको बच्चाप्रतिको जिम्मेवारीलाई सामाजिक मूल्यांकन गरेको छैन भन्नुहुन्छ उहाँ । यदि सानो बच्चाबाट असल नागरिक तयार गर्ने क्रममा राज्यको लगानी हुने हो भने आमाको पनि सम्मान बढ्ने उहाँको ठम्याइ छ ।

## अनुसन्धान र प्रकाशनहरू

अर्थशास्त्री डा. मीना आचार्यले विगतदेखि नै थुप्रै किताब, अनुसन्धान प्रतिवेदन तथा लेख/रचनाहरू प्रकाशित गर्दै आउनुभएको छ । महिला अधिकारसँग सम्बन्धित उहाँका थुप्रै अनुसन्धानात्मक लेखरचना अन्तर्राष्ट्रिय स्तरमा पनि प्रकाशित भएका छन् । आर्थिक सामाजिक विकास, श्रम बजार र महिलाको श्रमको योगदान र मूल्यांकन, गरिबी निवारण र सामाजिक समावेशीकरण उहाँको अध्ययन, अनुसन्धान र कार्यक्षेत्र हो । विशेष गरी 'विकासमा महिलाको योगदान, महिलाको श्रमको मूल्यांकन, अर्थ र महिला विषयक बहसलाई उहाँले विगतदेखि जोडतोडले उठाउँदै आउनभयो । तर उहाँको विश्लेषणमा नेपालको आर्थिक क्षेत्र अझै पूर्ण लैङ्गिक संवेदनशिल वा महिलामैत्री भइसकेको छैन ।

मीना भन्नुहुन्छ, 'हाम्रो देशको शिक्षाले नै महिला अधिकार र महिला मुद्दालाई जसरी समेट्नु पर्ने हो त्यसरी समेटन सकेको छैन । अहिले समाजशास्त्र जस्ता विषयहरू महिलामैत्री र सामाजिक दृष्टिकोणबाट आउन थाले पनि अर्थशास्त्र विषयको पाठ्यक्रम परम्परागत नै छ ।' 'नेपालमा महिला विकासका प्रयत्नहरू' नामक अध्ययनको नेतृत्व पनि उहाँले गर्नुभएको थियो ।

डा. आचार्यकै विश्लेषणमा देशको आर्थिक नीति, नियम र बजेट बनाउने ठाउँमा अधिकांश पुरुष मात्रै छन् । जसले गर्दा पनि महिलाका आवश्यकता औंल्याउन नसकेको हो । पञ्चवर्षिय योजनाहरूमा महिला सवालका केही योजनाहरू समेटिन थाले पनि त्यसको कार्यान्वयन कति कसरी भयो भएन मूल्यांकन भएको छैन । लैङ्गिक उत्तरदायी बजेट ल्याउन थालिएको छ, त्यसको पनि कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको परिपाटी बस्नुपर्ने जरुरी देख्नुहुन्छ । लैङ्गिक उत्तरदायी बजेट भन्नाले महिलाका लागि कति रकम छुट्याइएको छ भन्ने होइन, समग्र बजेट महिलाका आवश्यकता र अधिकारप्रति संवेदनशील छ कि छैन भनेर हेर्नुपर्छ ।

राजनीतिमा बढ्दो महिला आकर्षण, संसददेखि स्थानीय तहसम्म महिलाहरूको उपस्थितिले राम्रो परिणाम दिँदै गएको छ तर स्थानीय तहका विशेष गरी महिला जनप्रतिनिधिहरूले महिलाको आर्थिक सशक्तिकरण हुने गरी योजना बनाएर काम गर्नुपर्ने सुझाव दिनुहुन्छ र भन्नुहुन्छ, 'महिलाहरू आर्थिकरूपमा सशक्त भए मात्रै सबै ठाउँमा सशक्त हुन्छन् ।' यति धेरै समय काम गर्नुभएका मीनाले महेन्द्र विद्या भूषणलगायत विभिन्न संघसंस्थाबाट दर्जनौं पुरस्कार तथा सम्मानरु प्राप्त गर्नुभएको छ । महिला अधिकारका क्षेत्रमा पर्‍याउनु भएको योगदानको कदर स्वरूप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट यस्ता सम्मानहरू पाउनु भएको हो ।

डा. मीना सन् २००९ देखि २०१२ सम्म नारीवादी अर्थशास्त्रका लागि अन्तर ाष्ट्रिय संस्था, क्ष्लतभचलबतष्यलबर्ा ब्ककयअष्बतष्यलबर्ा ब्ककयअष्बतष्यल ायच ँझष्लष्कत भ्अयलयकष्अक (आईएएफएफइ) को कार्यकारी समितिको सदस्य बन्नुभयो । नेपाललगायत ४३ भन्दा बढी राष्ट्रका छ सयभन्दा बढी महिला अर्थशास्त्री रहेको यो संस्थाले महिलाको दृष्टिकोणबाट अर्थशास्त्रका विसंगतिहरू पत्ता लगाउने, परम्परागत अर्थशास्त्रमा परिवर्तनको अगुवाई गर्ने, महिला अर्थशास्त्रीहरूको विचार आदान-प्रदान गर्नेलगायतका काम गर्दै आएको छ । ■